आज मिति २०७५ साल फाल्गुन ०१ गते बसेको माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

**प्रस्तावहरु**

१. अनुमति सम्बन्धमा
२. दुई कोठे कक्षा निर्माण सम्बन्धमा
३. शसर्त अनुदानको कार्यक्रमहरु संचालन तथा कार्यान्वयन सम्बन्धमा ।
४. डि.पि.आर. गर्ने सम्बन्धमा ।
५. विद्यालयमा शौचालय निर्माण गर्ने सम्बन्धमा ।
६. विद्यालयको विज्ञान प्रयोगशाला निर्माण सम्बन्धमा ।
७. तालिम विषय छनोट सम्बन्धमा ।
८. दोद्रे खोलादेखि ददेरी खोला सम्म पक्की सिचाई आयोजना रकम थप गर्ने सम्बन्धमा ।
९. अपाङ्गता परिचयपत्र वितरण गर्ने कार्यका लागी पालिका स्तरिय समन्वय समिति सम्बन्धमा ।

**निर्णयहरु :**

१.निर्णय नं.१. प्रस्ताव माथि छलफल गर्दा मिति २०७५।११।०१ गते माण्डवी गाउँपालिकाको शिक्षा समितिको निर्णय अनुसार तपशिलका विद्यालयहरुमा तपशिलका कक्षा संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

| - सि.नं. | विद्यालयको नाम | ठेगाना | थप संचालन गर्नुपर्ने कक्षा | कै |
|---|---|---|---|---|
| १. | श्री बागेश्वरी आधारभुत विद्यालय | मा.गा.पा. ५ रम्दी | नौ(९) | |
| २. | श्री गणेश आधारभुत विद्यालय | मा.गा.पा. २ ढिकावन | आठ(८) | |
| ३. | श्री ऐश्वर्य प्राथमिक विद्यालय | मा.गा.पा. ५ डाडाकटेरी | चार(४) | |

२.निर्णय नं.२. प्रस्ताव माथि छलफल गर्दा मिति २०७५।१०।२४ चं नं. ४५२ को स.भा.सा.प्र. प्राप्त पत्रानुसार दुईकोठे कक्षा संचालन निर्माण भन्ने शिर्षकको रकम श्री रामेश्वरी प्रा.वि. माण्डवी गा.पा. ३ आचौर र श्री बागीश्वरी आधारभुत विद्यालय माण्डवी गा.पा. ५ तिग्रामा सम्पन्न गर्ने निर्णय गरियो ।

३.निर्णय नं.३. प्रस्ताव माथि छलफल गर्दा आ.व. २०७५।०७६ मा नेपाल सरकारको शसर्त अनुदानको तपशिल बमोजिमको कार्यक्रमहरु तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल :

क) सुधारिएको चुल्हो : माण्डवी गा.पा. ४ उदयपुरकोटको,बुटेनी र दस्कुनेमा २० घरधुरीमा र माण्डवी गा.पा. २ मर्कावाङको थारकोटमा २० घरधुरी गरी जम्मा ४० घरधुरीमा सुधारिएको चुल्हो कार्यक्रम संचालन गर्ने निर्णय गरीयो ।

ख) सौर्य उर्जा प्रविधि जडान : यस माण्डवी गाउँपालिका अन्तरर्गतका स्वास्थ्य चौकी (बर्थिङग सेन्टर ) र माण्डवी गा.पा.-२ मर्कावाङको फलिर्देपाखा र मस्यार टोलमा अति गरीब घरपरिवारहरुको घरमा यो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

ग) सामुदायिक वनमा पर्यापर्यटन उद्यम प्रवर्द्धन यस माण्डवी गाउँपालिकाको वडा नं.१ तिरामको त्रिवेणीधामलाई सो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

घ) भकारो सुधार कार्यक्रम :- यस माण्डवी गा.पा.-४, उदयपुरकोटमा सो कार्य संचालन गर्ने निर्णय गरियो ।

४.निर्णय नं.४ प्रस्ताव नं.४. माथि छलफल गर्दा सरकारी जग्गा, निजि जग्गा तथा वनको जग्गाको क्षेत्र छुट्टाउनका लागि DPR गर्ने निर्णय गरियो ।

५.निर्णय नं.५ प्रस्ताव नं.५. माथि छलफल गर्दा संघीय सरकारको शर्सत अनुदानतर्फको आ.व. २०७५/०७६ को विद्यालयमा शौचालय निर्माण गर्ने शिर्षकको सम्बन्धमा माण्डवी मा.वि. नयाँगाउँको नयाँ भवनमा र कामाक्षी मा.वि. उदयपुकोटमा संचालन गर्ने निर्णय गरियो ।

६.निर्णय नं.६. प्रस्ताव नं.माथि छलफल गर्दा आ.व. २०७५/०७६ को लागि संघीय सरकारको शर्सत अनुदान तर्फ विद्यालयको प्रयोगशाला निर्माण गर्ने भन्ने शिर्षक गणेश मा.वि.तिराममा संचालन गर्ने निर्णय गरियो ।

७.निर्णय नं.७. प्रस्ताव नं.७ माथि छलफल गर्दा घरेलु तथा साना उद्योग विकास समितिको चं नं. ७६५, मिति २०७५/१०/२७ को आवश्यक सहकार्य र सहयोग बारे भन्ने विषयको पत्रानुसार तपशिल

अनुसारको विषय छनोट गर्ने र प्रत्येक वडाबाट ७ (सात) जना सहभागीहरु पठाउन वडा अध्यक्ष ज्यूहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल :

(क) ड्राईभिङ्ग तालिम

(ख) बुटिक तालिम

(ग) मोबाईल तथा कम्प्यूटर मर्मत तालिम

८.निर्णय नं.८. प्रस्ताव नं.८.माथि छलफल गर्दा दोद्रे खोला देखि ददेरी खोला सम्म पक्की सिचाई कुलो निर्माण रम्दी आयोजनाको लागि रु. ३०,०००।- अक्षरुपी तीस हजार रुपिया मात्र भैपरी आउने कोषबाट कार्यसम्पन्न भैसकेपछि भुक्तानी दिने निर्णय गरियो ।

९.निर्णय नं.९. प्रस्ताव नं.९.माथि छलफल गर्दा तपशिल बमोजिमको अपाङ्गता परिचयपत्र वितरण गर्ने कार्यका लागी पालिका स्तरिय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :-

१. मुगा पुन मगर-संयोजक

२. मीना सुनार

३. बोधिराज घिमिरे

४.सपना पुन

५. शान्ता शर्मा

६. बाम बहादुर

७. उत्तम कुमार वली

प्रमाणित गर्ने

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत